REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 27.05.2025

---

## PM- Sikkim

प्रधानमन्त्री नरेन्द्र मोदीलाई 29 मईका दिन स्वागत जनाउन सिक्किम, तम तयार भएकोछ। श्री मोदी गान्तोकको पालजोर स्टेडीयममा आयोजित सिक्किमको पचासऔं राज्य- स्थापना दिवसमा सहभागी हुनु हुने कार्यक्रमछ। प्रधानमन्त्रीले नाम्ची जिल्लामा 500 ओछ्यान भएको जिल्ला अस्पताल लगायत कैयन परियोजनाहरूको उद्घाटन गर्ने अनि भर्चुअल माध्यमले कैयन परियोजनाहरूको आधारशिला राख्ने कार्यक्रम पनिछ।

मुख्यमन्त्री प्रेम सिंह तामाङले हिजो पाल्जोर स्टेडियम गई प्रधानमन्त्री मोदीको भ्रमणका संबधी तयारीहरूको समीक्षा गर्नुभयो। आयोजनामा सिक्किमका विभिन्न पक्षहरू दर्शाउन्दै एउटा ड्रोन-शो पनि हुनेछ।

---

## CM Kanchenjunga

हालै अरूणाचल प्रदेश स्थित राष्ट्रिय पर्वतारोहण एवम सहासी खएल संस्थान निमासले कञ्चनजङ्घा हिमशीखर आरोहण गरेको विषयलाई लिएर राज्यका मुख्यमन्त्री प्रेमसिंह तामाङले केन्द्रिय गृहमन्त्री अमित शाहलाई पत्रचार गरी यसले सिक्किमको धार्मिक, सांस्कृतिक मूल्य- मान्यता र आस्थामा गहिरो आघात पुगेको बताउनुभएको छ ।

निमासको टोलीले नेपालको मार्ग भएर पवित्र कञ्चनजङ्घा आरोहण गरेको हुँदा मुख्यमन्त्रीले यस विषयलाई गम्भीरतासित लिन आग्रह गर्दै भन्नुभएको छ, कञ्चनजङ्घालाई सिक्किमको रक्षक र इष्टदेवता मानिन्छ र यसप्रकारको कृत्यले सिक्किमवासीको आस्थामा गहिरो चोट लागेको छ।

श्री तामङले सिक्किम सरकारले कञ्चनजङ्घा आरोहणमाथि पूर्ण प्रतिबन्ध लगाएको उल्लेख गर्दै गृहमन्त्रीलाई नेपाल सरकारसित सम्पर्क गरेर भविष्यमा यसप्रकारको आरोहण हुन नदिने सुनिश्चित गर्न आग्रह गर्नुभएको छ।

---

## All Party Delegation

भारतले विभिन्न देशहरूमा बहुदलीय प्रतिनिधिमण्डलहरू पठाएर आतंकवाद विरूद्ध भारतको शून्य सहिष्णुताको सन्देश फैलाउँदै वैश्विक रूपमा आतंकवादलाई पाकिस्तानले दिएको समर्थनलाई उजागर पार्न जारी राखेकोछ ।

भाजपा सांसद रवि शंकर प्रसादको नेतृत्वमा गएको सर्वदलीय प्रतिनिधि मंडलले आज फ्रान्सको राष्ट्रीय राजधानीमा राष्ट्रीय मीडियासित भेट गरयो ।

डी एम सांसद कनिमोई करूणानिधिको नेतृत्वमा अन्य एक प्रतिनिधिडलले National Assembly मा Slovania राष्ट्रीय परिषदका अध्यक्ष Mark Lotric सित भेट गरयो । प्रतिनिधिमण्डलले आतंकवाद विरूद्ध शून्य सहिष्णुताको भारतको दृढ अड्ढानबारे अवगत गरयो।

उता, काँग्रेस सांसद शशि थरूरको नेतृत्वमा सर्वदलीय प्रतिनिधिमण्डल दक्षिण अमेरीकाली देश गयाना पुगेकोछ । प्रतिनिधिमण्डलले गयानाका राष्ट्रपति मेहम्मद इरफान अली सित भेट गरयो। श्री अलीले, गयानाले,आतंकवाद र उग्रवादका सबै प्रकारहरूलाई अस्तीकार गर्छ, भन्नुभयो ।

जनता दल (यूनाईटेड) का सांसद संजय कुमार झाको नेतृत्वमा अर्को एक प्रतिनिधिमण्डलले सिंगापोरकी विदेश मामिला तथा गृह मामिलाका वरिष्ठ राज्य मन्त्री Sin Ann का साथ बेठक राख्यो । प्रतिनिधिमण्डलले Operation sindoor तथा भारतको आतंकवाद रोधी नीतिमा उद्यीमान- नयाँ सामान्य लगायत पहलगाममा आतंकी हमलापछीका हालका घटनाक्रमहरूबारे भारतको अड़ान स्पष्ट पारयो ।

---

## Rajkumari- Library

सिक्किम विधानसभाकी उपाध्यक्ष राजकुमारी थापाले आज पाँच दिवसीय पुस्तकालय विकाससित संबधित कोहा राष्ट्रीय कार्यशालाको उद्घाटन गर्नुभयो । सिक्किम अकादमी द्वारा आयोजित यस कार्यशालामा सिक्किम लगायत पश्चिम बंगाल बिहार उत्तरप्रदेश, असम अनि ओडिसाका प्रतिभागीले एकीकृत पुस्तकालय प्रवन्धन प्रणाली माथि प्रशिक्षण दिनेछन् ।

---

## Ganga Prasad- Sikkim

सिक्किमका पूर्व राज्यपाल, गंगा प्रसादको आज यहाँ आगमन भएकोछ ।

आफ्नो प्रवासको बेला श्री प्रसाद, 29 मईका दिन हुतेभएको राज्य स्थापना दिवसमा सहभागी हुनुहुनेछ । भारतीय संघमा सिक्कमको एकीकरण तथा तबदेखि लिएर अहिले सम्म राज्यले गरेको प्रगतिको यात्रा दर्शाएकोमा यो दिन हुने स्वरणीय कार्यक्रमको विशेष महत्वछ ।

---

## Soreng- Ribdi

विश्व पर्यवरण दिवसको भावना अनुरूप, सोरेङ खंडको वन तथा पर्यावरण विभागले रिबदीमा बिरूवा रोपण र स्वच्छता अभियानको आयोजना गरि रहेकोछ ।

यो पहलले सोमबारे रेन्ज, बन तथा पर्यावरण विभाग तथा सोरेङ्को पर्यावरण र मृदा संरक्षण विभाग बीच एउटा दरिलो सहयोगात्मक प्रयास दर्शाउन्छ ।

यस हरित मिशनका लागि सहस्त सीमा बल एस एस बी रिबदी, स्वयम सहायता समूह, आशा कार्यकर्ता, रिबदीको पंचायत तथा सरकारी उच्च माध्यमिक विद्यालय रिबदीले हातेमालो गरेकोछ ।

---

## विशेष सूचना

प्रधानमन्त्री नरेन्द्र मोदीको सिक्किम आगमनलाई लिएर परसी 29 तारीख बिहीबार, श्रोताहरूले आकाशवाणी गान्तोकबाट दस मिनिटको प्रादेशिक समाचार सुन्नसक्नुहुनेछ ।

---

## Weather

मोसम विज्ञान विभागले दिएको जानकारी अनुसार गान्तोक र वरपरका क्षेत्रहरूमा आजको न्यूनतम तापमान 16.8 डिग्री सेल्सियस र अधिकतम तापमान 25.2 डिग्री सेल्सियस रेकार्ड गरियो ।

भोलि 28 मईका दिन, सामान्त वादल छाउने अनि मेघगर्जनका साथ एक दुई ठाउँमा वर्षा हुने पूर्वानुमान गरिएकोछ । न्यूनतम तापमान 17 डिग्री सेल्सियस र अधिकतम तापमान 23 डिग्री सेल्सियस हुने संभावनाछ ।